राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY
प्रतिदिन १७ औं वार्षिकोत्सव

### औषधि प्रयोग गर्दा ध्यान दिऔं

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं,
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं,
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं,
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं,
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं

विज्ञापन बोर्ड

वर्ष–१७ ।। अङ्क : १९३ ॥ २०८२ भाद्र ०८ गते आईतबार (24th Aug 2025 Sunday) Pratidin National Daily मूल्य–रु.५/–

## तंग्रिएन प्रादेशिक अस्पताल
# भवन नयाँ, अस्तव्यस्तता पुरानै

• द्रोण अधिकारी

भद्रपुर । माल पाएर चाल पाइएन भने त्यसको उपयोग औचित्यविहीन बन्छ भन्ने उखान भद्रपुरस्थित प्रादेशिक अस्पतालका लागि चरितार्थ भएको छ ।

करोडौंका उपकरण छन् तर विरामीलाई उपचार सेवा दिने बेलामा बिग्रिएको बहानामा निजी अस्पताल दौडनु पर्ने बाध्यता रोकिएको छैन । राज्यकै लगानीमा उत्पादन भएका दर्जनौं विशेषज्ञ डाक्टरको दरबन्दी पनि छ तर अस्पतालमा विरामीले चाहेको उपचार सेवा नपाएर कि त टुक्रे क्लिनिक धाउनु पर्छ या त महँगा निजी अस्पतालको ढोका चाहार्नु पर्छ । यी सवै खाले विकृतिले गरिरहेको संकेतचाँहि राज्यको लगानी नुरूप सेवा प्रवाहमा प्रादेशिक अस्पताल निकै कमजोर रहेको प्रष्ट छ ।

साविकको मेची अञ्चलभरिका नागरिकको उपचार गर्ने एक मात्र सरकारी स्वामित्वको अस्पतालको रूपमा स्थापित मेची अञ्चल अस्पताल स्थापना कालदेखि अहिलेसम्म बिरामीको उपचार सेवाभन्दा राजनीतिक चालवाजीले आफैं बिरामी भएर थलिएको अनुभव सेवाग्राहीको छ ।

पछिल्ला केही वर्षयता प्रादेशिक अस्पताल भद्रपुरको नामबाट चलिरहेको यस अस्पतालले कुशल व्यवस्थापक नपाउँदा अस्तव्यस्त नै चलिरहेको छ । संघीय सरकारले सही व्यवस्थापन गर्न सकेन भनेर प्रदेश सरकारको स्वामित्वमा ल्याइएको यस अस्पतालको हालतमा कुनै परिवर्तन हुन नसक्दा सेवा प्रवाह कमजोर सावित भएको हो ।



विगतमा पनि विरामीको उपचारमा भन्दा रेफरमा रमाएका डाक्टरहरू अहिले पनि त्यहाँ उपचार गर्नुको सट्टा निजी अस्पतालमा रेफर गर्ने होडमै रहेको गुनासो सेवाग्राहीको छ ।

करोडौं रकम पर्ने स्तरीय उपचारका उपकरण सरकारले जोडिदिएको यस अस्पतालमा ती उपकरणबाट विरामीलाई सेवा दिने काम निकै कम छ । यस अस्पतालमा दरबन्दीमा कार्यरत अधिकांश डाक्टर निजी अस्पताल र क्लिनिक धाउने प्रबृत्ति घट्न सकेको छैन । अस्पतालका उपकरण बिग्रिएको बताउँदै निजीमा विरामी पठाइ कमिसन खाने प्राविधिक कर्मचारी अधिक भएको प्रादेशिक अस्पताल आफैं विरामी भएको महसुस सेवाग्राहीहरुले गरिरहेका छन् ।

यस्ता गुनासा रोक्न व्यवस्थापन समितिदेखि कार्यकारी अधिकार पाएको अस्पताल प्रशासनले पहल नै नगर्नु अर्को विडम्बना हो ।

विगतमा पुरानो भवन साँघुरो भयो भनेर समयानुकूल नयाँ भवन निर्माण गरी सेवा प्रवाह पनि थालियो तर बिरामीले पुर्जा काट्नकै लागि घण्टौं लाइन लागेर बस्नु पर्ने बाध्यता हटेको छैन । उपचारका लागि टाढा-टाढाबाट आएका बिरामी र उनीहरूका परिवार पुर्जा काट्ने काउन्टरमै घण्टौं अलमलिनु पर्ने अवस्थाले यो अस्पतालको बिकल्प सोच्न बाध्य बनाइरहेको छ । हिजो भवनका कारण राम्रो सेवा दिन नसकिएको बताउने कर्मचारी प्रशासनको कार्यशैली आज व्यवस्थित भवन हुँदा समेत परिवर्तन हुन सकेको छैन ।

नयाँ भवन त बन्यो तर सेवा प्रवाह प्रणाली भने अझै पुरानै रहेका कारण अव्यवस्थित र अपारदर्शी रहिरहँदा त्यहाँ सही उपचार पाइन्छ कि पाइदैन भन्ने प्रश्नले विरामीलाई सताइरहेको छ । नयाँ भवनमा निर्मित काउन्टर करिब पाँच फिटभन्दा अग्लो भएकाले होचो उचाइ भएका मानिसलाई भित्रका कर्मचारी देख्नै मुश्किल पर्छ । कर्मचारीले बिरामीको नाम सोध्दा आवाज बाहिर स्पष्ट आउँदैन, बिरामीले चिच्याएर नाम भन्नुपर्छ । तर त्यस्तो चिच्याहट पनि प्रायः नबुझिने गुनासो सेवाग्राहीले गर्ने गरेका छन् । अस्पताल प्रशासनले बिरामी त थाकेर आएका हुन्छन् । ठेलमठेलमा कसरी उभिन सक्छन् अनि टिकट काट्छन् त ? भन्ने प्रश्नको उत्तर समेत बुझेको छैन । बिरामी बच्चा, बृद्ध जो भए पनि घण्टौं लाइनमा उभिएपछि मात्र टिकट लिन सक्ने अवस्था छ । एक एक घण्टाभन्दा बढी लाइनमा बस्दा सेवाग्राहीलाई कति दुःख हुन्छ भन्ने आँकलन समेत नगर्ने अस्पताल प्रशासनले नयाँ भवन बनेपछि त नयाँ प्रणालीमार्फत सेवाको अनुभूति नै दिलाउन सकिरहेको छैन । सेवाग्राहीको अपेक्षा यति ठुलो अस्पतालमा एउटा सानो टोकनको व्यवस्था मात्र भइदिए बिरामीहरु आफ्नो टोकन लिएर आफ्नो पालोमा पुर्जा लिन वातावरण बन्ने थियो तर यसमा विगतदेखि वर्तमानसम्मको व्यवस्थापन समितिको कुनै ध्यान जान सकेन ।

अव्यवस्थित माछा बजार जस्तो अवस्थामा कोशी प्रदेश सरकारको एक मात्र स्वामित्व पाएको यस अस्पतालमा देखिनु सरकारी उदासिनताको लाजमर्दो मान्नु पर्छ । सेवा लिन आउने धेरैको अनुभूति अनुसार धनी वा पहुँचवालाहरू त ठूला निजी अस्पतालमा जान्छन् । यस अस्पतालमा आइहाले भित्रबाटै पहुँचको बलमा नाम टिपाउँछन् । वास्तविक सेवाग्राहीका रूपमा रहेका सामान्य आर्थिक अवस्था भएका विरामी कष्ट मात्र सहेर उपचारको प्रतीक्षा गरिरहेका हुन्छन् । राजनीतिक शक्तिमार्फत व्यवस्थापनमा पुगेकाहरूले यस अस्पतालमा आउने वास्तविक विरामीको सेवा गर्ने वातावरण निर्माण गर्न कुनै किसिमले ध्यान दिइरहेको अवस्था छैन । कार्यकारी भूमिकामा आउने जिम्मेवार पदाधिकारी नै कमिशनको चक्करमा लागेर सरकारी स्वामित्वको ठूलो लगानी भएको यस अस्पताललाई बेवारिसे बनाउने खेलमा दौडिरहेका छन् ।

# पत्रकार छबिलाल दवाडीको स्वच्छ छवि



• शान्तिराम बस्नेत

नेपाली समाजको मधुर बगैंचामा केही व्यक्तित्वहरू त्यस्ता सुगन्धित फूल हुन्छन् जसको जीवनरूपी सुवास आफैंमा एक मनमोहक काव्यकथा बन्छ । तिनीहरूको चरित्रको मिठास र कर्मको रसिलो धुनले न केवल आफ्ना समयका मानिसहरूको हृदयमा आनन्दको लहरी जगाउँछ, बल्कि आगामी पुस्ताका लागि प्रेरणाको मधुर झरना बगाइराख्छ ।हाम्रो समाजका रंगबिरंगी पृष्ठहरूमा यस्ता सुन्दर मनका व्यक्तित्वहरू चन्द्रमा जस्तै दुर्लभ छन्, जसले आफ्नो जीवनको हरेक क्षण समाजको भलाइमा रसिलो उपहार सरह अर्पण गरेका हुन्छन् । तिनीहरूको जीवन मानवताको सेवामा समर्पित एक मधुर गीत बन्छ । दूधे क्षेत्रका आदरणीय वरिष्ठ पत्रकार छन् : छविलाल दवाडी जसको व्यक्तित्वमा सत्यको मिठास र सेवाको रसिलो भावना डुबेर मिसिएको छ ।

आजको युगमा जब पत्रकारिता भनेको एयर कन्डिसनर कोठामा बसेर कम्प्युटरमा टाइप गर्नु हो, तर त्यो समयमा छबिलालले कच्ची सडकमा साइकल चलाउँदै, बर्खामा हिलो छ्यापदै, हिउँदमा हुस्सेसँग लड्दै समाचार संकलन गर्थे । उनको यो यात्रा केवल एक व्यक्तिको संघर्ष मात्र नभएर झापाली पत्रकारिताको स्वर्णिम इतिहासको एक महत्वपूर्ण अध्याय हो । यो कथा हो साहसको, समर्पणको र अटुट इच्छाशक्तिको ।

पत्रकारिता भन्नाले आजकल फेसबुकमा पोस्ट लेख्नु र युट्युबमा भिडियो बनाउनु मात्र भएको छ, तर छबिलालका लागि यो एक धर्म हो, एक मिसन हो । उनले पत्रकारितालाई केवल रोजगारीको साधन मात्र नभएर समाजमा परिवर्तन ल्याउने शक्तिशाली माध्यमको रूपमा लिए । रेगिस्तानमा पानीको थोपाजस्तै दुर्लभ भएको सत्यलाई खोज्ने र त्यसलाई जनतासम्म पुर्याउने काममा उनले आफ्नो जीवन होम्यो ।

दक्षिण सिक्किमको लिङमोमा बाबु बालकृष्ण र आमा कौशिलाको ज्येष्ठ पुत्रका रूपमा जन्मेर वि स २०३१ मा नेपाल आइपुगेका छबिलालले सोचेका थिएनन् कि आफ्नो यो आप्रवासन झापाली पत्रकारिताका लागि वरदान साबित हुनेछ । बाल्यकालदेखि नै उनमा न्यायको भावना



कुलकुलाइरहेको थियो । अन्यायको विरुद्धमा बोल्ने साहस र सत्यलाई बचाउने जज्बा उनका खुनको नसा-नसामा दगुरिरहेको थियो । यीनै विशेषताहरूले उनलाई आजका दिनमा एक निर्भीक पत्रकार बनाउने आधारशिला तयार गर्यो । वि स २०५० मा पत्रकारिता यात्रा शुरू भएको बताउने दवाडीको अनुसार २०३७-३८ सालतिर दूधेमा 'छलफल' र 'दृष्टि' नामका प्रगतिशील साप्ताहिकहरू पत्रिकाहरू भूमि शिवाकोटी र श्रीप्रसाद खरेलको पसलमा आउँथे । छबिलालका लागि यी पत्रिकाहरू "रेगिस्तानमा ओएसिस" जस्तै थिए । अनि समस्या पनि यस्तो थियो कि यी पत्रिकाहरू पढ्नु र बाँड्नु त्यो समयमा खतरनाक काम मानिन्थ्यो ।

छबिलालले अनौठो तरिका अपनाए । उनले यी पत्रिकाहरूलाई कसैलाई थाहा नदिइकन हालको शिव चौकदेखि नहर चौक पश्चिम झरना खोला पूर्वसम्मको बामे डाँडामा लगेर जाने गर्थे । त्यहाँ पूर्णिमाको चाँदनी उज्यालोमा बसेर यी पत्रिकाहरू पढ्ने र स्थानीय मानिसहरूलाई सुनाउने गर्थे । चाँदनीको उज्यालोमा बसेर प्रगतिशील विचारको बीउ छर्ने यो काम त्यो युगमा असाधारण साहसिक काम थियो ।

त्यतिखेरको पञ्चायती शासनमा यस्तो सामग्री पढ्नु र बाँड्नु देशद्रोह मानिन्थ्यो । तर छबिलालका लागि यो कुनै राजनीतिक काम नभएर ज्ञानको प्रसार थियो, चेतनाको विकास थियो । यसैको प्रभाव र डा. रामप्रसाद खतिवडाको झकझकीले उनले समाचार लेख्न थाले । यो थियो उनको पत्रकारिता यात्रामा पहिलो कदम ।

छबिलालको प्रारम्भिक पत्रकारिता यात्रा फूलको सेज थिएन । सो समयमा उनले आफ्ना समाचारहरू लिएर बिर्तामोड कार्यालय रहेको विवेचना दैनिकमा लिएर जाने गर्थे, जहाँ त्यतिखेर नकुल काजी सम्पादक थिए । त्यो समयमा समाचार संकलन गर्नु आजको जस्तो सजिलो थिएन । मोबाइल फोनको कल्पना पनि गर्न सकिन्नथ्यो, इन्टरनेट भनेको के हो त्यो नै थाहा थिएन ।

पचासको दशकको अन्त्यतिर जब दूधेमा टेलिफोन सेवा आयो, त्यो समयमा पनि ग्राहकको भीडका कारण फोन गर्न घन्टौं कुर्नुपर्थ्यो । तर छबिलालको जोश र लगनले सबै कठिनाइहरूलाई जित्यो । उनले रातको १२ बजेसम्म ढुकेर समाचार पठाउने गर्थे । यो थियो उनको समर्पणको प्रमाण ।

पछि जब दुर्योधन पौडेलले फ्याक्स सेवा दिए र चामुलाल सिटौलाले पूर्ण सहयोग गरे । तर त्यो समयसम्म उनले कति संघर्ष गर्नुपर्यो, कति रात निदानो नसुतेर काम गर्नुपर्यो, त्यसको हिसाब गर्न सकिन्न । जब विवेचना पत्रिकाको लोकप्रियता बढ्

❖ बाँकी तेस्रो पृष्ठमा

## झापामा दुर्घटनामा परी एकसातामा सातजनाको मृत्यु

• लक्ष्मी उप्रेती

मेचीनगर । भदौ महिना लागेयता झापामा विभिन्न दुर्घटनामा परी दैनिकजसो एकजनाको मृत्यु हुने गरेको छ। जिल्ला प्रहरी कार्यालय झापाका अनुसार भदौ १ देखि ७ गतेसम्म जिल्लाका विभिन्न पालिकाहरुमा भएका दुर्घटनामा परी सातजनाको ज्यान गएको हो । सवारी दुर्घटना, करेन्ट लागेर र बालकको घाँटीमा सारीको पिङ बेरिएरलगायतका दुर्घटनामा परेर एक बालकसहित सातजनाको ज्यान गएको हो । यसरी मृत्यु हुनेमा अधिकाँश पुरुष छन् ।

भदौ २ गते करेन्ट लागेर मेचीनगर नगरपालिका–५ भेटघाट चोक बस्ने



२२ वर्षीय संदिप राजवंशीको मृत्यु भएको थियो ।

साँझ ५ बजेको समयमा आफ्नै घरको टेवल पंखा बिग्रिई मर्मत गर्ने क्रममा राजवंशीलाई अचानक करेन्ट लागेको थियो । करेन्ट लागेर अचेत भई उपचारको लागि आम्दा मेची अस्पताल धुलावारी पठाएकोमा उपचारको क्रममा साँझ ६ बजे चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए ।

इलाका प्रहरी कार्यालय धुलावारीका प्रमुख प्रहरी निरीक्षक पाण्डव राजवंशीको कमाण्डमा खटिएको टोलीले उनको करेन्ट लागेर मृत्यु भएको पुष्टि गरेको थियो ।

भदौं ३ मा झापाको दमक र बुद्धशान्तिमा भएका अलग अलग सवारी दुर्घटनामा परेर दुईजनाको मृत्यु भएको थियो । मृत्यु हुनेमा एकजना महिला छन् । विहान आठ बजेतिर दमक नगरपालिका –७ पशुडाँडास्थित पूर्वपश्चिम लोकमार्गमा दमकबाट पाडाजुँगीतर्फ जाँदै गरेको प्र १-०२-००२ ख ० ९१२ न. को बन्दाकोपी बोकेको मालवाहक ट्रकले विपरित दिशाबाट आउँदै गरेको प्र १–०१–०१२प ९३१२ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार कमल गाउँपालिका–५ बस्ने ४२ वर्षीया मुना गौतमको घटनास्थलमा नै मृत्यु भएको थियो । उनका श्रीमान ४३ वर्षीय सुकदेव गौतमको बाँया खुट्टामा सामान्य चोट लागि उपचारको लागि दमक अस्पताल दमक पठाएको थियो ।

सोही दिन झापाको बुद्धशान्ति गाउँपालिका -४ बर्नेस्थित मेची राजमार्गमा इलामबाट बुधबारेतर्फ आउँदै गरेको बीआर ५५८५०० नम्बरको भारतीय स्कोरपियो र बिपरित दिशातर्फ जाँदै गरेको प्र.१-०१-०१६ प.३६६१ न. को मोटरसाइकल एक आपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक बुद्धशान्ति गाउँपालिका -१

❖ बाँकी अन्तिम पृष्ठमा

## एक सातामा करेन्ट लागेर तीनजनाको मृत्यु

झापा(प्रस) । झापामा एक सातामा करेन्ट लागेर तीनजनाको मृत्यु भएको छ ।

दुईजनाको करेन्ट लगाएर माछा मार्दा र एकजनाको पंखा मर्मत गर्ने क्रममा करेन्ट लागेर ज्यान गएको हो । लापरवाही र असावधानीका कारण झापामा धेरैजनाले करेन्टबाट ज्यान गुमाउनु परिरहेको हो ।

शनिवार बिहान ८:३० बजे कनकाई नगरपालिका वडा नं. १ स्थित खहरे खोलामा सोही ठाउँ बस्ने ३७ वर्षीय पंकज माझीले बिजुलीको पोलबाट करेन्ट लगाई माछा मार्ने क्रममा उनलाई करेन्ट लाग्दा घटनास्थलमै मृत्यु भएको हो ।

घटनाबारे जानकारी प्राप्त हुनासाथ थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय बिर्तामोडबाट प्रहरी टोली खटिएको थियो ।

तीन दिनअघि झापामा करेन्ट लगाएर माछा मार्दा अर्का व्यक्तिले पनि अकालमै ज्यान गुमाएका थिए । गत बुधवार दिउँसो २ बजे कमल गाउँपालिका -३ खानेपानी टोल बस्ने २१ वर्षीय उज्वल राईले सोही ठाउँमा रहेको ढ्याङ्गी खोलामा करेन्ट लगाई माछा मार्ने क्रममा उनी आफैलाई करेन्ट लागेको थियो । घाइतेलाई उपचारको लागि लाईफलाईन अस्पताल दमकमा पुर्याउनासाथ डाक्टरले मृत घोषणा गरेका थिए ।

त्यस्तै भदौ २ गते मेचीनगर नगरपालिका ५ भेटघाट चौक बस्ने २२ वर्षीय संदिप राजवंशीले आफ्नै घरको टेवल पंखा बिग्रेर मर्मत गर्ने क्रममा अचानक करेन्ट लाग्दा उनको मृत्यु भएको थियो । भदौको एक साताभित्र करेन्ट लागेर तीनजनाले ज्यान गुमाउँदा गत साउन महिनामा पाँचजनाको मृत्यु भएको थियो । गत वर्ष झापामा करेन्ट लागेर १५ जनाको मृत्यु भएको थियो ।

# भारतको वाणिज्य विभागको स्थलगत अनुगमन

झापा(प्रस) । नेपालका सोयाबिन तथा सनफ्लावर तेल उद्योगमा भारतको वाणिज्य विभागले अनुगमन गरेको छ ।

नेपालबाट सोयाबिन तथा सनफ्लावर तेल निकासी गर्दै आएका उद्योगले भारतीय ब्रान्डकै नाममा प्याकेजिङ गरेको आशङ्कामा विभागको टोलीले निरीक्षण गरेको हो । सुनसरी-मोरङ कोरिडोरका पशुपती खाद्य आयल, क्वालिटी आयल, मारुती र बाबा ओयल इन्डस्ट्रिजको निरीक्षणपछि टोली फर्केको छ । भारतीय



टोली नेपालको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसँगको समन्वयमा दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) अन्तर्गत वस्तु उत्पत्तिको प्रमाणपत्र प्रमाणीकरण प्रयोजनका लागि आएको हो ।

यसअघि नेपालबाट भारत निकासी हुने प्लाइउडमा विषयमा यस्तै सूचना पाएको भन्दै भारतीय अधिकारीले अनुगमन गरेका थिए । तत्पश्चात् भारतले नेपालका प्लाई उद्योगलाई बिआइएस (ब्युरो अफ इन्डियन स्टान्डर्ड) मान्यता लिन अनिवार्य गरेको थियो । नेपालका केही उद्योगले बिआइएस लिएर उत्पादन निकासी गरिरहेका थिए ।

# विपिनकी आमा र बहिनीले भेटे प्रधानमन्त्री



झापा(प्रस)। हमास समूहको नियन्त्रणमा रहेका विपिन जोशीकी आमा र बहिनीले प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेट गरेका छन् । उनीहरूले शनिबार प्रधानमन्त्री ओलीसँग भेटवार्ता गरेका हुन् ।

इजरायल पुगेर उनीहरूले इजरायली राष्ट्रपति आइज्याक हर्जोग र संसद् अध्यक्ष अमिर ओहानासँग भेटवार्ता गरी विपिनको रिहाइका लागि अपिल गरेका थिए । त्यसबारे उनीहरूले प्रधानमन्त्रीलाई जानकारी गराएका छन् ।

प्रधानमन्त्री ओलीले पनि विपिनको रिहाइका लागि सरकारले कुनै कसर बाँकी नराखेको बताएका छन् । 'विपिनको सकुशल रिहाइको पहल गर्ने सिलसिलामा नेपाली दूतावासको समन्वयमा इजरायली राष्ट्रपति र त्यहाँको संसदका अध्यक्षसँग भेटेर फर्कनु भएको थियो,' ओलीले भनेका छन्, 'विपिनको रिहाइका पहलका लागि सरकारले कुनै पनि कसर बाँकी राखेको छैन ।'

# सही नेतृत्व नहुँदासम्म देश अघि बढ्दैन– कुलमान

झापा(प्रस) । युरोप भ्रमणमा रहेका नेपाल विद्युत प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङले नेपालमा राजनीति सही नभएसम्म मुलुकले अघि बढ्न नसक्ने बताएका छन् ।

एनआरएनए क्षेत्रीय समिति कोष्टाव्लाङ्का र नेपाल समाज एशोसिएसन कोष्टाव्लाङ्काद्वारा संयुक्त रूपमा आयोजित कार्यक्रममा बोल्दै घिसिङ्ले नेपालको समग्र रुपान्तरणका लागि सही राजनीतिक नेतृत्व आवश्यक रहेको बताए ।

उनले विदेशमा रहेका नेपालीलाई नेपाल फर्काउन र छिटो आर्थिक परिवर्तन गर्न नीति र नेतृत्वमा व्यापक सुधार आवश्यक भएको पनि जोड दिए । घिसिङ्ले भने, 'सही नेतृत्व नहुँदासम्म देश अगाडि बढ्न सक्दैन', उनले थपे, 'अहिले देशभरि झण्डै हरेक घरमा बत्ती पुगेको छ। तर बत्तीको उज्यालोले मात्रै पुग्दैन। देशभित्र हरेक क्षेत्र उज्यालो हुनुपर्छ।सुशासन कायम गर्न, रोजगारी सिर्जना गर्न र नेपालको समृद्धिको खाका कोर्न उज्यालो नेपाल अभियान सुरु गरिएको हो।' उनले सबै राजनीतिक दलभित्र र बाहिर, स्वदेश वा विदेशमा रहेका नेपाली मिलेर राम्रो नेतृत्व जन्माउनु पर्नेमा जोड दिए ।

उनले आफ्नो कार्यकालका उपलब्धिहरू साझा गर्दै भने, 'म प्राधिकरणमा आउँदा कुल विद्युत उत्पादन ८०० मेगावाट थियो, अहिले झन्डै ४ हजार मेगावाट पुगेको छ। पाँच गुणा बढी उत्पादन भइसकेको छ र हजारौं मेगावाटका परियोजनाहरू निर्माणाधीन छन्। वार्षिक २५ अर्ब रुपैयाँ महसुल उठाइरहेका छौं। प्राधिकरणलाई आर्थिक रूपमा सबल बनायौं। आम जनताको सहयोग र देश-विदेशबाट प्राप्त समर्थनका लागि म सधैं आभारी छु।'

चार महिनाअघि मात्र आफूलाई बर्खास्त गरेकोमा उनले सरकारप्रति व्यंग्यसहित धन्यवाद दिएका छन्। 'नेपाल सरकारले त्यसो नगरेको भए आज तपाईंहरूसँग म भेटघाट गर्न पाउँदिनथैं।'

उज्यालो अभियानको उद्देश्य पनि उनले स्पष्ट पारे। 'अहिले मुलुकका हरेक क्षेत्रमा अँध्यारो छ। त्यसलाई हटाएर आशा जगाउन, हरेक नेपालीको अनुहारमा उज्यालो छर्नु हाम्रो लक्ष्य हो। म खाडी मुलुक, अमेरिका, युके, बेल्जियम, नेदरल्याण्ड्स, माल्टा हुँदै स्पेन आएको छु। यस भ्रमणबाट मैले धेरै कुरा बुझ्ने र सिक्ने मौका पाएँ।' घिसिङ्ले प्रवासी नेपालीहरूको भूमिका र चासो पनि उल्लेख गरे। 'संसारभर ५० लाखभन्दा बढी नेपालीले अनुभव र विज्ञता हासिल गरेका छन्। उनीहरूको सीप र क्षमता नेपालमा लगानी र विकासमा जोडिनु पर्छ । प्रवासमा रहेका साथीहरूले उत्कृष्ट व्यवसाय र काम गर्दै हुनुहुन्छ। यो नेपालको लागि ठूलो एसेट हो।' उनले उज्यालो नेपाल अभियानमा सक्रिय सहभागिता जनाउन समेत आग्रह गरे ।

# बुद्धशान्तिका मगर इलामको खोल्सामा मृत फेला

झापा(प्रस) । झापा बुद्धशान्तिका एक व्यक्ति इलामको माईजोगमाईस्थित खोल्सामा मृत फेला परेका छन् । शनिवार दिउँसो २ बजे बुद्धशान्ति गाउँपालिका ४ बर्ने हापेन चोक बस्ने ३४ वर्षीय उदय मगर इलाम माईजोगमाई-१ स्थित खोल्सामा मृत फेला परेका हुन् । मगर आफ्ना भेना माइजोगमाई -१ लप्सीबोटेस्थित डिल्लीराम घलेको घरमा बस्दैँ आएका थिए ।

मगर गत साउन ३० गते बिहान १० आफूखुशी कसैलाई जानकारी नगराई घरबाट निस्केर हिडेकोमा घर फर्की नआएपछि भदौ २ गते उनका भेनाले इलाका प्रहरी कार्यालय नयाँ बजारमा हुलिया निवेदन दिएका थिए । उनी बस्दै आएको घरभन्दा अन्दाजी ३ किलोमिटर पश्चिम खोल्सामा मृत अवस्था फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# अपांग संघको कार्यालयमा एक वृद्ध मृत फेला

झापा (प्रस) । झापा भद्रपुर नगरपालिका- ४ झापा चोकमा रहेको खगेन्द्र नवजीवन अपांग संघको कार्यालयमा एक वृद्ध मृत फेला परेका छन् । शनिवार बिहान ६:३० बजे खगेन्द्र नवजीवन अपांग संघ



कार्यालयको बरन्डामा भद्रपुर ३ का ८७ वर्षका वृद्ध उतानो अवस्थामा मृत फेला परेका हुन् । उनीसंग नागरिकता फेला परेको छ । नागरिकतामा श्रेष्ठ थर बुझिएपनि उनको नामको अगाडिको अक्षर मेटिएको छ । वडा प्रहरी कार्यालय भद्रपुरबाट प्रहरी टोली खटिएर अनुसन्धान तथा कानुनी प्रकृया पूरा गरेको जनाइएको छ ।

## झापामा...

का ४६ वर्षीय ठाकुर अधिकारी गम्भीर घाइते भई उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

४ भदौमा कमल गाउँपालिका– ४ का २१ वर्षीय उज्वल राईको करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । दिउँसो २ बजेतिर सोही वडामा पर्ने द्द यांग्री खोलामा करेन्ट लगाई माछा मार्ने क्रममा राईलाई करेन्ट लागेको थियो । घाइते अवस्थाका उनलाई उपचारको लागि लाईफलाईन अस्पताल दमकमा पठाइएकोमा दमकमा पुर्‍याउन साथ दिउँसो ३ बजेतिर चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

भदौ ५ मा अर्जुनधारामा एक बालकको मृत्यु भएको छ । साँझ पौने ५ बजेतिर अर्जुनधारा नगरपालिका–११ बालविकास टोलका नेत्रप्रसाद सिवाका छोरा बर्ष अन्दाजी १० का प्रदिप सिवा आफ्नै घरको काठको बलोमा खेल्न बनाएको सारीको पिङमा साडी बेरिँदा पासो लागेर घाइते भएका थिए । उनलाई उपचारका लागि अस्पताल पुर्‍याएपछि डाक्टरले चेकजाँच गर्दा मृत्यु भइसकेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

६ भदौमा मोटरसाइकलको ठक्करबाट घाइते भएका कमल गाउँपालिका ३ का ८८ वर्षीय टिकाराम श्रेष्ठको मृत्यु भएको छ । प्रहरीका अनुसार साँझ सवा ७ बजे कमल गाउँपालिका –३ केराधापस्थित भित्री सडकखण्डमा क्याम्पाबाट केर्खातर्फ आउँदै गरेको प्रदेश न.१-०१-०१६ प ५१०५ नम्बरको मोटरसाइकलले पैदलयात्री श्रेष्ठलाई ठक्कर दिँदा टाउको र दाहिने खुट्टामा चोट लागेको थियो । थप उपचारका लागि विर्तामोडको वीएण्डसी अस्पतालमा भर्ना गरिएको र उपचारका राति ११:३५ बजे उपचारको क्रममा मृत्यु भएको बताइएको छ । मोटरसाइकल र चालक सोही पालिका वडा नं ५ बस्ने बर्ष ५१ का मानकुमार सुबेदीलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय दमकबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

७ भदौमा झापा कन्काई नगरपालिका १ का ३७ वर्षीय पंकज माझीको करेन्ट लागेर मृत्यु भएको छ । विहान ८:३० बजेको समयमा कनकाई नगरपालिका –१ स्थित खहरे खोलामा बिजुलीको पोलबाट करेन्ट लगाई माछा मार्ने क्रममा करेन्ट लागेर मृत्यु भएको भन्ने जानकारी प्राप्त हुनासाथ थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय बिर्तामोडबाट प्रहरी टोली खटिएको प्रहरीले जनाएको छ ।

## पत्रकार...

छविलालजीको उपस्थिति आफैंमा शान्ति र स्थिरताको प्रतीक हो ।

छविलाल दवाडीको व्यक्तित्व र कर्मले उनलाई समाजमा अतुलनीय सम्मान दिलाएको छ । दूधे क्षेत्रमा मात्र नभएर वरपरका बजारहरूमा उनको नाम आदरका साथ लिने गरेको पाइन्छ । उनका पत्रकार साथीहरू, सामाजिक कार्यकर्ताहरू, र सामान्य जनताले उनलाई एक आदर्श व्यक्तित्वको रूपमा हेर्छन् ।

त्यस्तै, छविलाल दवाडीको सबैभन्दा प्रशंसनीय पक्ष छ : उनको मानव सेवाप्रतिको अगाध निष्ठा । उनले आफ्नो जीवनकालमा ७६ भन्दा बढी रक्तदान गरेका छन्, जुन नगरको सन्दर्भमा एक असाधारण उपलब्धि हो । यो संख्या केवल एउटा आंकडा मात्र होइन, यो उनको मानवीयताप्रतिको गहिरो प्रतिबद्धताको प्रमाण हो । बुढ्यौलीले छोएसंगै रक्तदान गर्न छोडेका उनी रक्तदानका कार्यक्रममा भने सधैँ अगाडि बढ्छन् ।

प्रत्येक रक्तदानको पछाडि कुनै न कुनै मानिसको जीवन बचाउने कथा छ । छविलालजीले यो कुरा राम्ररी बुझेका छन् र त्यसैले उनले नियमित रूपमा रक्तदान गरे । रक्तदानलाई केवल एक सामाजिक दायित्व मात्र नमानेर जीवनको एक महत्वपूर्ण अंगको रूपमा लिएको बताउँछन् ।

रक्तदान गर्दा उनले कहिल्यै पनि कुनै भेदभाव गरेनन् । जात-पात, धर्म-संस्कृति, राजनीतिक मान्यता वा सामाजिक स्थितिको आधारमा उनले कहिल्यै छुट्याएनन् । उनका लागि रक्तको आवश्यकता भएको मानिस भनेको मानिस मात्र थियो, जसलाई सहयोग चाहिन्छ ।

नेपाल रेडक्रस सोसाइटीसँग जोडिएर रेडक्रसकर्मीको रूपमा जोडिएर गरेको उनको योगदान अमूल्य छ । प्राकृतिक विपत्ति, दुर्घटना, र अन्य आपत्कालीन अवस्थाहरूमा उनी सधैं अग्रपंक्तिमा उभिएर सेवा गर्ने व्यक्तिमा पर्दछन् । यतिसम्म कि ७० को दशकसम्म कसैलाई रगत चाहियो भने अग्रपंक्तिमा उनकै नाम अगाडि आउँथ्यो ।

छविलाल दवाडीको मानवसेवाप्रतिको प्रतिबद्धता मृत्युपछि पनि निरन्तर रहोस् भन्ने चाहनाले उनलाई चिकित्सा शास्त्रका लागि आफ्नो शरीर दान गर्न प्रेरणा दियो । यो निर्णय उनको निस्वार्थ चरित्र र समाजप्रतिको गहिरो चेतनाको परम अभिव्यक्ति हो ।

शरीर दानको यो निर्णयले देखाउँछ कि छविलालजीले मृत्युलाई पनि सेवाको एक अवसरको रूपमा हेरे । उनको शरीरबाट भावी चिकित्सकहरूले ज्ञान प्राप्त गरेर हजारौं मानिसहरूको सेवा गर्न सक्नेछन् । यसरी उनको सेवाभावना मृत्युपछि पनि निरन्तर रहिरहनेछ ।

यो निर्णयले नेपाली समाजमा शरीर दानको बारेमा चेतना फैलाउने काम पनि गर्‍यो । धेरै मानिसहरूले उनको उदाहरणबाट प्रेरणा लिएर शरीर दानको निर्णय गरे । यसरी उनले आफ्नो निर्णयबाट समाजमा एक सकारात्मक परिवर्तनको सुत्रपात गरे ।

रक्तदानको क्षेत्रमा उनको योगदानका लागि उनले विभिन्न संस्थाहरूबाट सम्मान पाएका छन् । नेपाल रेडक्रस सोसाइटीले उनको सेवालाई मान्यता दिँदै विशेष सम्मान गरेको छ । त्यस्तै, पत्रकारिताको क्षेत्रमा उनको योगदानका लागि विभिन्न पत्रकार संगठनहरूले उनलाई सम्मानित गरेका छन् । छबिलालको महानता यहीं छ कि उनले आफ्ना व्यक्तिगत दुःखहरूलाई समाजसेवामा रूपान्तरण गरे । उनले पीडालाई शक्तिमा, दुःखलाई सेवामा परिणत गरे ।

अनुभवको डढेलोबाट निस्केका छबिलालको आजका युवा पत्रकारहरूलाई सन्देश अत्यन्त मार्मिक छ । उनी भन्छन् - अवसरवादी नभई, द्रव्य पिशाच भएर धनको लालसामा नपरी, कसैको दबाब र प्रभावमा नआएर सत्यतथ्यमा आधारित इमान्दार समाचार लेख्नुपर्छ ।

आजको डिजिटल युगमा जब फेक न्युजको महामारी फैलिएको छ, जब पत्रकारिता पैसाको लालचमा बिकिरहेको छ, जब प्रभावशालीहरूको दबाबमा सत्य दबाइरहेको छ, त्यस्तो समयमा छबिलालको यो सन्देश सुनको भन्दा बहुमूल्य छ ।

छबिलाल केवल गम्भीर पत्रकार मात्र नभएर एक रोचक र सामाजिक व्यक्तित्व समेत हुन् । उनका "जिग्री दोस्त" भानु माध्यमिक विद्यालय, लालझोडाका प्रधानाध्यापक डामकुमार कुँवरले उनका केही रमाइला स्मृतिहरू म्यासेन्जरमार्फत सुनाएका छन् ।

कुँवर भन्छन : मेरो बिहेमा केटी हेर्न जाने बेलामा दवाडी चप्पल लगाएर गएका थिए । तर दमकमा पुगेपछि देखे कि सबैले जुत्ता लगाएका छन् । त्यसै क्षण उनले आफ्ना चप्पल फ्याँके र जुत्ता किनेर लगाए । यो घटनाले उनको परिस्थिति अनुसार ढलमिल गर्ने क्षमतालाई देखाउँछ ।

त्यस्तै सिक्किम घुम्न गएको बेलामा मलामी जाने क्रममा उकालो ओरालो हिडदा छबिलाल पसिनाले भिजे तर उनका साथी भने सुख्खै रहे । यो देखेर छबिलालले हाँस्दै भने, "तिमी धेरै दिन बाँच्दैनौ।" रातमा एउटै कोठामा सुत्दा उनका साथी बाक्लो सिरक ओढ्ने र छबिलाल गर्मीको कारणले फ्यान चलाउने गर्थे । खाना खाँदा उनी सधैं भन्थे, "यस्तो मिठो त अहिलेसम्म खाएकै थिइनँ।" यी सबै घटनाहरूले छबिलालको सहज, मिलनसार र खुशमिजाज व्यक्तित्वलाई झल्काउँछन् ।


## सहारा साकोस शिक्षा सदन

मुल कार्यालय,बिर्तामोड–२, चारपाने

### शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०५/०६

यस सहारा साकोस शिक्षा सदनको,झापा जिल्ला,बिर्तामोड न.पा. वडा नं.-२, चारपानेस्थित चारपाने- शनिश्चरे रोडको पश्चिमतर्फ रहेको स्कुलको चौरमा ब्लक बिछ्याउनको लागि इच्छुक ब्यक्ति/फर्म/कम्पनी/सप्लायर्सबाट ७ दिनभित्र कार्यालय समयमा आवश्यक कागजहरु संलग्न राखि शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

ब्लक बिछ्याउने स्थानको अनुमानित क्षेत्रफल र अन्य विवरण :

१) क्षेत्रफल : ८३ x ८४ फिट

२ ब्लकको मोटाई : ६० एम.एम.

३) भारबहन क्षमता : २५ टन.

**शर्तहरु :**

१) बोलपत्र र खामको बाहिरी भागमा फर्मको नाम, ठेगाना, भ्याट नम्बर, सम्पर्क नम्बर, फर्मको छाप, हस्ताक्षर स्पष्ट लेखिएको हुनु पर्नेछ ।

२) फर्मको लेटर प्याडमा बोलपत्र प्रस्तुत गरिएको निवेदन लेख्नु पर्नेछ ।

३) बोलपत्रमा फर्मको ब्यवसाय प्रमाण–पत्र प्रतिलिपी, कर चुक्ता प्रमाण–पत्र प्रतिलिपी, मूल्य अभिवृद्धि कर प्रमाण–पत्रको प्रतिलिपी,

तथा अन्य आवश्यक कागजातहरुको फोटोकपी संलग्न हुनु पर्नेछ ।

४) बोलपत्र स्वीकृती भएपछि भ्यााट बिलको रकममा १.५ प्रतिशत ठेक्का कर कट्टा गरि बाँकी रकम मात्र फर्मलाई भुक्तानी गरिनेछ ।

५) बोलपत्र लिनको लागि रु १०००/- बोलपत्र दस्तुर लाग्नेछ, सो रकम सहारा साकोस शिक्षा सदनको कोड नं.३०१.५२०००.०१.०१ खाता न. ३०१.५२०००.०१.०१.एसबि .०१ मा जम्मा गरि भौचर उपलब्ध गराउनु पर्नेछ ।

६) प्रतिस्पर्धाबाट छनौट भएको फर्म/कम्पनीले काम शुरु गर्नुभन्दा अगाडी ५ प्रतिशत धरौटी रकम राख्नु पर्नेछ । उक्त धरौटी रकम कार्य सम्पन्न भएको ६ महिनापश्चात् गरेको कार्यको कुनै कैफियत नआएमा फिर्ता गरिनेछ ।

७) समय नाघि वा रीत पुरा नगरी प्राप्त भएका बोलपत्रलाई मान्यता दिइने छैन ।

८) एक पटक पेश गरिएको शिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न पाईने छैन ।

९) फर्मले संस्थालाई गुणस्तरीय सामानहरु उपलब्ध गराउनु पर्नेछ ।

१०) बोलपत्र स्वीकृत गर्ने/ नगर्ने, रद्द गर्ने र स्थगन गर्ने सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।

(नोटः मिति २०८२/०४/३० गते प्रकाशित गरेको सूचना अनुसार फर्महरुले पेश गरेको बोलपत्रहरुमा यस सूचनामा उल्लेख गरिएका कागजातहरु नभएकोले उक्त बोलपत्रहरु रद्द गरिएको छ । बोलपत्र पेश गर्ने फर्म/कम्पनीले पेश गरेको बोलपत्र फिर्ता लगि पुनः बोलपत्र पेश गर्नु पर्नेछ । )

पुनश्चः२०८२/५/५ गते सहारा साकोस शिक्षा सदनको सूचना प्रकाशित गर्नुपर्नेमा अर्को सूचना प्रकाशित भएकोमा सच्च्याई पुनः प्रकाशित गरिएको छ ।

**सहारा साकोस शिक्षा सदन**

**मुल कार्यालय,बिर्तामोड–२, चारपाने**

**मो.न. ९८०१९२०५२२**



## डेंगी रोगबाट आफू बचौं अरुलाई पनि बचाऔं



बिर्तामोड नगरपालिकाले डेंगी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान सुरु गरेको हुँदा सबै जना अनिवार्य सहभागी बनौं ।

**डेंगी के हो ?**

डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने, शरीरमा बिबिरा आउने, रिंगटा लाग्ने, वाकवाकी, बान्ता हुने, कडाका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।

**डेंगीबाट बच्न के गर्न सकिन्छ ?**

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।

डेंगीविरुद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो । डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस् ।

जनहितका लागि
बिर्तामोड नगरपालिका
झापा, कोशी प्रदेश


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

## गाउँको माया र बदलिएको मन !

• सन्तोष बोहरा



गाउँको माया त
साँच्चै अमर हुन्छ
मुटुमा गाडिएको बोटको जराजस्तै
पानी नपाए पनि
मनको भुइँभित्र
सधैँ हरियो पलाउँछ।

बाल्यकालको बिहान सम्झन्छु म
कोइलाको गीतले आँखामा घाम ल्याउँथ्यो
खोलाको चिसो हावाले
गालामा गुलाबी रङ भर्थ्यो
दूरीमा देखिने सेतो हिमाल
जसलाई हरेक दिन
आकाशको रङले नयाँ चित्र बनाइदिन्थ्यो।

उकालो चढ्दा
गोठालोका गीत पहाडमा गुन्जन्थे
ओरालो झर्दा
हावाले काँधमा खेल्दै
बाल्यको रहस्य कानमा सुनाउँथ्यो।

चौतारीको ठुलो पिपलमुनि
हामी बालकहरूको संसार हुन्थ्यो
कसैको हातमा बाँसुरी
कसैको काँधमा लाटो सुकुल
कसैको ओठमा भैलोको बोल
त्यहाँ हाँसो र मिठास मात्र हुन्थ्यो
मनमा कुनै छाया हुन्न थ्यो।

तर आज
गाउँ फर्कँदा चौतारी त उही छ
पीपल अझै हावासँग कुरा गर्छ
खोला अझै आफ्नो धुनमा गाइरहेछ
तर मान्छेको स्वरमा अब मिठास छैन।

आज हेराइमा शंका बस्छ
सम्बन्धमा तिरस्कार टाँसिन्छ
एकअर्काको पीडामा हात बढाउने साटो
मनमनै सन्तोष मानिन्छ
राम्रो गरे, 'देखाउने' भन्छन्
ठेस खाए, 'कर्मको सजाय' भनेर हाँस्छन्
आफू अगाडि बढ्नुभन्दा अघि
अरूलाई तल झार्न खोज्ने
अदृश्य हातहरू फैलिएका छन्।

पहिले,
गाउँ मनको बगैँचा थियो
जहाँ माया फुल्थ्यो
अब
त्यो बगैँचा काँडाले घेरेको छ
फूल अझै रङिन छन्
तर नजिक पुग्दा
हातमा रगत टप्किन्छ।

तैपनि,
रातको सपनामा कहिलेकाहीँ
उही उकाली-ओराली आउँछन्
खोलाको किनारमा पानीमा हिँडेका पाइलाहरू
गोठको बास
ढुंगाको भित्तामा टेकेको मेरो बाल्यको छाया।
यी स्मृतिहरूले
मनलाई फेरि गाउँको बाटो तर्फ तान्छन्
तर थाहा छ
आजको बाटो
पहिलाको जस्तो धुलो र फूल मात्र होइन
त्यसमा अब काँडा पनि मिसिएको छ।

गाउँको माया त कहिल्यै घट्दैन
तर मान्छेको बदलिएको मन
त्यो मायाको बाटोमा
सधैँ पीडाको चिहान खनिरहन्छ।

## अविवाहित वडा सचिवको दर्ता नभएको प्रेम !



• भरत आचार्य

सरकारी जागिर भनेको सेवा पनि हो, सपना पनि। दाम पनि, नाम पनि। अर्को अर्थमा भन्ने हो भने 'भविष्य सुरक्षित भएको मान्छे'।

यी प्रख्यात गाउँघरका वाणीहरूद्धारा उत्प्रेरित भई विदेश नगई आफ्नै देशमा बसेर राष्ट्रको सेवा गर्ने मनसायले सरकारी सेवामा प्रवेश गर्न एउटा गाउँमा जन्मे हुर्केको लक्का जवान राजधानी हानियो।

७७ जिल्लाकै मान्छेहरू जमघट हुने राजधानीमा परिवर्तनका संवाहक मानिने युवाहरू कोही देशमा भविष्य नदेखेर आफ्नो सुनौलो भविष्यको लागि होस् या रहरले होस् या बाध्यताले विदेश जान तम्सिएका थिए भने कोही देशमै केही गर्नुपर्छ भनेर जागिरको दौरानमा थिए।

तीमध्ये सरकारी सेवा प्रवेश गर्ने लाइनमा मेरो नाम दर्ज थियो।

'सरकारी जागिर भनेको जीवनभरको भरपर्दो कमाइ र समाजको इज्जत हो' भन्ने कथनलाई मन, मस्तिष्कमा शिरोधार्य गरी राजधानीमा कहिले रूमभित्रै कहिले घरको छतमा तर धेरैजसो समय केन्द्रीय पुस्तकालयमा बित्यो।

राजनेताहरूको संसद भवन जस्तै थियो लोक सेवा तयारी गर्नेहरूको लागि टियु।

साथीभाइसँगको चिनजान बढेसँगै पढाइले गति लियो। मेहेनत, निरन्तरता, लगनशीलता, मनोरञ्जन र धैर्यतामा कहिल्यै कालो बादल मडारिएन। अध्ययनले आफ्नो रफ्तार १२० को स्पिडमा बढाएर अन्ततः सरकारी सेवा प्रवेश गर्ने मनोकांक्षा पूरा भयो।

२०८० सालको कुरा हो राजधानीको बसाइँलाई बिट मार्दै जब गाउँकै विद्यालयमा पढेको छोरो पहिलो पटक लोक सेवा पास गरेर वडा सचिव बनेर कुनै पालिकाको वडामा फर्किएको थियो।

अहिलेसम्म पनि ती दिन सम्झँदा मन हर्षले भरिन्छ। कार्यस्थलमा जानु अगाडि मनमा उब्जिएका अनेकौं प्रश्नहरू, समाधानका मुहानहरू। नयाँ ठाउँ, नयाँ परिवेश, रहनसहन, जनता, जनप्रतिनिधि, राजनीतिज्ञ तथा सेवाग्राहीहरूसँगको सम्बन्ध कस्तो होला। के होला? कसो होला? कसरी ह्यान्डिल गर्ने भन्ने प्रश्नहरू मानव मस्तिष्कमा खेलिराखेका थिए। अन्ततः जे पर्छ त्यो टर्छ भन्ने खुसी र उत्साहको सम्मीश्रणका साथ आफ्नो कार्यालय प्रवेश गरियो।

आफ्नो कार्यजिम्मेवारी अनुसार जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता लगायतका पञ्जीकरणका कार्य, सामाजिक सुरक्षाका विषय, सिफारिस तथा प्रमाणित गर्ने लगायतका दैनिक जीवनमा घट्ने घटना ठोकिने ठाउँ वडा कार्यालय भएकोले आ-आफ्नो जिम्मेवारी अनुसार वडा अध्यक्ष र सचिवले कागजातमा सिग्नेचर गर्दै सेवा प्रवाहले गति लियो। समय बित्दै गयो। चिनजान हुँदै गयो। कहिले झगडा, कहिले हाँसो, कहिल खुसीका पलहरू मिश्रित हुँदै थिए। सेवा प्रवाह निरन्तर चलिरहेको थियो। सचिवज्यू भनेको सुन्दा छुट्टै आनन्द आउने। जन्म, मृत्यु, विवाह–सबैको दर्ता म गर्न थालेँ। जसको कथा जनताले सुन्दैनन्, राजनीतिज्ञहरूले सरोकार राख्दैनन्, र हाम्रो कार्यालयमा आउने बुढीआमाहरू हाँस्दै सोध्थे–जसको बिहे भएन, उसले अरूको बिहे दर्ता गर्ने ?' 'ए सचिव ज्यू, तपाईंको बिहे कहिले?' म हाँस्नु बाहेक के गर्न सक्थें र?

घुलमिल हुँदै समय बित्दै गयो।

त्यो दिन, घाम सामान्यभन्दा अलिक शान्त थियो। म कार्यालयको कुर्सीमा बाँधिएको जस्तै बस्थे–एकपछि अर्को सिफारिस, निवेदन, प्रमाणपत्र।आफ्नै मनको निवेदनलाई कहिल्यै प्राथमिकता दिइएको थिएन। त्यही बेला उनी आइन्–सचिवज्यू, आयस्रोत प्रमाणित चाहिएको छ।

कपडा साधारण थियो, आँखामा तेज। म सरकारी छाप हान्ने तरखरमा थिएँ, तर छातीभित्र केही धपक्क बलेको महसुस भयो। कहिल्यै नभोगिएको लाज,अनौठो चिन्तन, र सरकारी कुर्सीमा बस्दा-बस्दै मानविक प्रेमले झस्काएको पहिलो अनुभूति। सर्लक्क परेको शरीर, गोलो अनुहार, छुँदा दाग लाग्ने उनलाई देख्दा शरीरका न्यूरोनहरू एकाएक सक्रिय भए, मुटुको गति सामान्य भन्दा तेज भयो, सायद यो नै हो , जुन पहिलो नजरमै केमिस्ट्री जम्छ भनिन्छ।

लामो श्वास लिँदै मैले कुन कामका लागि होला भनेर सोधिहालेँ र मनभित्र भित्रै वार्तालापलाई लामो समयसम्म कायम राख्ने निधो गरेँ र उनलाई बस्नु न कुर्सीका काम एकैछिनमा भैहाल्छ भनेर आग्रह गरे।

उनले मेरो आग्रहलाई सहर्ष स्वीकार गरेर बसिहालिन्। मैले कुरालाई विस्तारै अगाडि बढाएँ। उनले पनि लजालु स्वभावमा उत्तर दिँदै गइन्। आयस्रोत प्रमाणितका लागि कागजात माग्दै गएँ र प्रमाणित भन्दा उनको परिचय मेरा लागि मूल्यवान् थियो, त्यसैले मैले उनको प्रमाणितको लागि भन्दै नागरिकता पनि मागेँ र फोटोकपी गरिहालेँ। एक्कासि उनले पनि हजुरको घर कता हो सर भनेर सोधिन्? मैले पनि उनले मागेको भन्दा बढी आफ्नो जानकारी सम्प्रेषण गरेँ र उनको पनि सोधिहालेँ।

उनको काम पनि भयो उनले थ्याङ्क्यु सर भन्दै घर गइन्। मैले वेलकम पनि भन्न सकिनँ। र हेरेको हेरै भए खै कस्तो जादु छाडेर गइन्। उनी प्रस्थान भइसकेसी काम लिएर आएकी मान्छे हो, तर मनै लिएर गइन् कि जस्तो भयो। सामान्य बोली, सामान्य उपस्थिति-तर असामान्य असर। अफिस सकेर रूम गई झलझली उनकै याद आइरह्यो।

फेसबुकमा नागरिकतामा भएको नाम उल्टाई पल्टाई धेरैपटक सर्च गरेँ तर उनको अनुहार भेटाइनँ। दिन बित्दै गयो मनमनै अब उनी कुनै काम ल्याएर आइन् भने सिधै फेसबुक आइडी माग्छु अनि सबै भन्छु भनेर मनलाई शान्त बनाएँ। केही दिनपछि फेरि उनको वडा कार्यालयमा आगमन भयो। म झसक्क भएँ। खुसीले सीमा नाघ्यो ।उनी –बाबुको नागरिकताको प्रतिलिपिको सिफारिस बनाउन आएकी रहिछिन्। बुबा नि सँगै आउनुभाको थियो।

सेवाग्राहीको चापले अलि समय लाग्ने कुराको मैले जिकिर गरेपछि उनका बुबा बाहिर निस्कनु भयो। एकछिनमा आउँछु भनेर तर उनी भने गइनन्। मनभित्र लड्डु फुट्न थाल्यो मन परेको मान्छेसँग कुरा गर्दाको मजा बेग्लै।

कुराकानी गर्दै गयौं, कार्यालय सहयोगीलाई खाजा मःम ल्याउन पठाएँ र कुराकानीले उच्च रूप लिँदै थियो। मैले सोधिहालेँ- फेसबुक चलाउनुहुन्छ? उनले हाँस्दै- 'नाइँ चलाउँदिनँ' भनिन् !

मलाई विश्वास लागेन। फेरि सोधेँ। अनि आफ्नो फेसबुक आइडी सेयर गरिन्, मैले नि गरेँ।

उनका बुबा आए। उहाँको हस्ताक्षर मात्र बाँकी थियो गर्नुभयो। काम भ्याएर घर लाग्नु भयो। कतिखेर ५ बज्ला र घर गएर रिक्वेस्ट पठाएर कुरा गरम्ला भो। रूम गइयो मोबाइल खोलियो। रिक्वेस्ट पठाएको ३ घन्टासम्म पनि एसेप्ट भएन। खाना खाएर आएँ। मोबाइल हेरेको एसेप्ट भएछ। अनि हाम्रो भलाकुसारी अघि बढ्यो। मैले प्रश्न गर्थें, उनले उत्तर मात्र दिन्थिन्।

मैले भनिहालेँ 'तिमीलाई पहिलोपल्ट देख्दा लाग्यो, समय केही क्षणका लागि रोकिएको हो.... तिम्रो मुस्कान- बिहानीको घामजस्तो उज्यालो, तिमी उभिँदा सुन्दरताको प्रतिक जस्तो देखिन्छौ, भनेर भनिहालेँ।

उनले हाँस्दै धन्यवाद! टक्राउँदै तपाईं त कवि हो कि क्या हो भनिन्।

म पनि हाँसेँ र हजुरको लागि कवि नै बन्दिम्ला भनेर जबाफ फर्काएँ।

कुरा हुँदै गयो रात बित्दै गयो। त्यो दिन राति १२ बजे सुतियो तर निन्द्रा पटक्कै लागेन। यसरी दिनप्रतिदिन हामी नजिकिँदै गयौं। धेरैजसो राति अबेरसम्म हामीबीच हास्य रसले भरिएका र कहिलेकाहीँ मन र मस्तिष्कको संयोजनबाट निस्केका अत्यन्त गम्भीर, प्रेमिल कुरा हुन्थे। उनी पनि बेला बेला अफिस आइराख्थिन्। कहिले बुढा हजुर बुबाको मृत्युदर्ता, अनि जग्गाको नामसारी। कहिले साथीहरूको काम लिएर। प्रत्येक पटक उनी आइपुगेपछि मेरो बोली अलिक मन्द हुन्थ्यो, र हस्ताक्षर , सिफारिस भने साँच्चिकै ध्यान दिएर गर्थें–

किनकि त्यो कागजमा उनीसँग संवाद गरिरहेको महसुस हुन्थ्यो। हामीबीच कहिल्यै प्रेम प्रस्ताव आदानप्रदान भएन, तर उहाँको 'सचिवज्यू' भन्ने बोलीमा नै म प्रेम खोज्थें। त्यो शब्द, मेरो नामभन्दा पनि मीठो लाग्थ्यो। 'आज ढिलो गर्नुभयो त?' उनको यस्तो सामान्य कुरा पनि
दिनभरि मनमा दोहोरिन्थ्यो। फूल नदिई फुलेको सम्बन्ध थियो त्यो–मौन, तर मौलिक।

उनले कहिल्यै केही मागिनन्, तर म भने चुपचाप आफूलाई दिन खोज्थें। कहिलेकाहीँ उनी जाने बेलाम ढोकातिर नहेरिनजस्तो गर्थें, तर म मनमनै हरेक पाइला गन्दै हुन्थें।

'रातको सन्नाटाले हामीलाई बोलेन, तर च्याटको शब्दले हामीलाई जोड्यो। कसैले देखेन, तर त्यो इनबक्सभित्र हाम्रो सारा संसार पलाइरहेको थियो।' कुरा हुँदै दिन बित्दै गए एकदिन मैले प्रपोज गर्ने निर्णय गरेँ।

जुनेली रात थियो आकाशमा ताराहरू दबदबा थियो मैले एउटा कुरा भन्छु भनेँ। भन्नु न भनेसी मैले आफ्नो कुरा राखी हालेँ 'म विज्ञानको विद्यार्थी होइन, तर म भन्छु - जब तिमी वरिपरि हुन्छ्यौ, मेरो मुटुको गति नियतदेखि अनियन्त्रित बन्छ। डोपामिन, सेरोटोनिन, र अक्सिटोसिन जस्ता प्रेम हर्मोनहरूले मेरो सोचमा क्रान्ति ल्याउँछन्। तिमी मेरो जीवनको अनपेक्षित गणित हौ - जसको समीकरण बुझ्न सकिँदैन, तर अनुभूति गर्न सकिन्छ।'

उताबाट उनको रिप्लाईको पर्खाइमा थिएँ तर थ्याङ्क्यु अहिलेलाई यति मात्र है भन्ने जबाफ आयो।

मैले नि किन कसो भनेर धेरै कुरा नगरी हाम्रो नियमित संवाद चलिरह्यो। दिन बित्दै गए रात बित्दै गए। २-३ महिना भएको थियो उनी अफिसको बाटो देखिएकी थिइनन् तर हाम्रो फेसबुकमा कुरा भैराख्थ्यो।

एकदिन उनी फाइलको थैली लिएर साँझपख अफिस बन्द हुने समयमा आइन्, तर त्यो फाइलमा कुनै सरकारी निवेदन थिएन। उनको अनुहारमा पहिलाजस्तो चमक थिएन, सानो स्वरमा भनी -'सचिवज्यू, म अष्ट्रेलिया जान लागेँ। 'मलाई लाग्यो- कुनै अघोषित म्याद सकिएको जस्तै। कुराहरू धेरै थिए, शब्द चाहिँ एकएक हराइरहे। 'कति समयको लागि?' मैले सोध्न खोजें,

तर उत्तर आयो -'शायद... सधैँको लागि।' त्यसपछि उनले भनिन् -'तपाईंलाई मन पराउँथेँ...

तर तपाईं मौन नै रहनुभयो।'


म मुस्कुराएँ। त्यो सचिवको मुस्कान थिएन, त्यो एक जना बेकामे प्रेमीको पराजित हाँसो थियो। म त दिनभर अरूका विवाह प्रमाणित गर्दै बिताएँ, तर आफ्नै सम्बन्ध दर्ता गर्न सकिनँ।

त्यो दिनपछि उनी फर्किइनन्। उनले आयस्रोत प्रमाणित, जग्गा नामसारी लगायतका सबै प्रक्रिया कोर्ट म्यारिज गरेर डिपेन्डेन्ट भिसामा अस्ट्रेलिया जानको लागि रैछ भन्ने कुरा पछि छिमेकी अंकलबाट थाहा पाएँ।

फेरि सिफारिसहरूआए, कागजहरू आए, मान्छेहरू आए...तर मनमा एउटी मात्र सेवाग्राहीको फाइल अधुरो रह्यो–प्रेमको फाइल। आज पनि कसैले भन्छ–'सचिवज्यू, तपाईंको बिहे कहिले?' म फाइलमा साइन गर्छु, अनि मुस्कुराउँछु–'मेरो प्रेम सरकारी कागजमा कहिल्यै पुग्न सकेन।'

(उनी अस्ट्रेलिया गइन्। म नि त्यो ठाउँमा बस्न सकिनँ। त्यो ठाउँ छोड्ने निधो गरेँ र अहिले उनी नेपाल छोडेर अस्ट्रेलिया म पनि तराई छोडेर पहाड लम्किएँ।)

## प्रेमको यात्रा !



• हेमन्त नाथ

काठमाडौँको एउटा व्यस्त कलेज। पहिलो दिन नयाँ-नयाँ अनुहारहरू, अनजान आँखाहरू, कतै डर, कतै उत्साह।

अनुषा गुलाबी कुर्ता र कालो सुरुवालमा सजिएकी थिइन्। आँखामा हल्का गाजल, अनुहार शान्त तर आत्मविश्वासी लाज संकोच सम्हाल्दै कलेजको गेट छिर्दै गर्दा एक जना केटासँग आँखा ठोक्किन्छ- सेतो सर्ट, कालो जिन्स पाइन्ट, पिठ्युँमा झोला, गहिरा आँखा र त्यो हाँसो जसले कुनै दिनलाई उज्यालो बनाइदिन्थ्यो, हेमन्त।

'पहिलो दिन?' हेमन्तले हल्का हाँस्दै सोध्यो।

अनुषा अचम्ममा परिन्! यति सहजता? यस्तो हिम्मतिलो स्वर?

'उम् हो नि... तपाईंको पनि आज पहिलो दिन हो? अनुषाले सोधिन्।

'हो नि, तर लाग्दै छ अब हामी धेरै दिन सँगै बिताउनेछौँ,' हेमन्तले आँखामा चमकसहित भन्यो।

अनुषा झस्किइन्। अनौपचारिक कुरा मन पराउँदिन थिइन् तर हेमन्तको हाँसोमा यस्तो केही थियो जसले उसको मुटु शान्त गरायो।

त्यस दिनको कक्षाले खासै महत्त्व पाएको थिएन, सबैको ध्यान आफ्ना वरिपरिका नयाँ अनुहारतर्फ मोडिएको थियो। हेमन्त र अनुषासँगै एउटै समूहमा परे। पहिलो दिनकै चिया ब्रेकमा उनीहरू सँगै थिए।

'कफी मन पर्छ?' हेमन्तले सोध्यो।

'एकदमै,' अनुषाले संक्षिप्त उत्तर दिइन्।

'अनि? किताबभन्दा कविता?' उसले हाँस्दै थप्यो।

'कविता मन पर्छ, तर वास्तविकता अझ मन पर्छ,' अनुषाको जवाफ छोटो तर गहिरो थियो।

त्यसपछि दिनहरू बित्दै गए; साथीहरूका हाँसोबिच, प्रोजेक्टको रातभरको तयारीबिच अनि क्याफेमा चियाका गफबिच। उनीहरूबिचको सम्बन्ध अलिकति गहिरिँदै गयो। कसैले औपचारिक 'आई लभ यू' भनेन तर नजरले सबथोक बताउँथ्यो।

अनि एक दिन हिउँदे साँझको छायामा हेमन्तले भने, 'अनुषा, तिमी मेरो कविता हौ, शब्दभन्दा गहिरो।

अनुषा मौन रहिन् तर गालामा पर्ने डिम्पलले उसको जवाफ दिइसकेको थियो।

समयले साथ दिइरहेको थियो, हेमन्त र अनुषाको सम्बन्ध कलेजभरि चर्चित थियो। साथीसंगीले 'एच+ए कपल' भन्दै जिस्क्याउँथे अनि उनीहरू मुस्कुराउँथे। त्यो हाँसोमा स्वीकृति थियो, आत्मीयता थियो।

तर सम्बन्धको सबैभन्दा कमजोर पाटो हो

❖ बाँकी तेस्रो पृष्ठमा

## प्रेमको...

अप्रकट कुरा, जुन बोलेर होइन, चुप लागेर बिग्रन्छ। एक दिन कलेजको क्यान्टिनमा अनुषा परीक्षाको तयारी गर्दै थिइन्। हेमन्त ढिलो आए अनि आएपछि सँगै ल्याए एक सहपाठी कमला।

'अनुषा, कमला मेरी स्कुल मेट हुन्,' हेमन्तले अनौपचारिक स्वरमा भन्यो।

कमला निकै खुली स्वभावकी थिइन्। कुरा गर्न रुचाउने, हाँसोमा ढुक्क हुने। अनुषाले हल्का मुस्कान दिइन् तर भित्र कतै चिसो लागेको थियो।

ती दिनपछि हेमन्त र कमलाको केही प्रोजेक्ट एकै साथ पऱ्यो। अनुषाले धेरै पटक देखिन् उनीहरू हाँस्दै कुरा गरिरहेका, केही दिन त मन सम्हालिन्, आफैँसँग भन्थिन्, 'उसले कमला साथी मात्र हो भनेको हो।'

तर मनको भित्र गहिरो खाल्डो बन्न थालिसकेको थियो।

एक साँझ, हेमन्तले म्यासेज गऱ्यो– 'आज कमला र म लाइब्रेरीमा अलि ढिलोसम्म प्रोजेक्टको काम गरिरहेका छौँ।'

त्यो लाइनले अनुषाको मनमा शंकाको बीउ रोपिदियो।

'त्यो कमला त तिमीभन्दा नजिक हुन खोज्दै छ जस्तो लाग्छ,' उसले अर्को दिन चिया खाने बेला भनिन्।

'के तिमी मलाई विश्वास गर्दैनौ?' हेमन्त झस्किए।

'विश्वास त थियो, तर अब... केही कुरा लुकाइरह्यौ जस्तो लाग्छ।'

'म तिमीलाई कहिल्यै धोका दिने मान्छे होइन अनुषा!' हेमन्तको स्वर उक्लिएको थियो।

'शब्दमा होइन, व्यवहारमा देखिन्छ सबथोक,' अनुषाको स्वर कठोर भयो।

त्यो रात, दुवै सुत्न सकेनन्। आत्मसम्मान बिचमा आइपुग्यो। माफी माग्न सक्थे तर कसैले पहल गरेन दिनहरू मौनतामा गुम्न थाले।

कुनै बिदाइको दिन थिएन न त अन्तिम संवाद बस, हरेक दिन एकअर्काबाट टाढा हुँदै गए।

एक अधुरो प्रेम, जुन तिक्तताले ढाकिएको थियो।

तीन वर्ष न कुनै सन्देश, न खबर। समयले पुराना पाना च्यात्दै गयो, तर केही यादहरू मनको कुनामा चुकचुकाइरहे।

अनुषा अब एक सशक्त युवती बनेकी थिइन्; कामकाजी, आत्मनिर्भर तर कहिलेकाहीँ साँझमा चिया समाउँदै ढल्कँदो घाम हेर्दै, मन अघिल्लो मोड फर्किन्थ्यो जहाँ हेमन्त थियो।

हेमन्त पनि बदलिएको थियो। अब ऊ काठमाडौँको एउटा कम्पनीमा काम गर्थ्यो, हाँसोमा अझै उही डिम्पल थियो तर आँखामा थकाइ मिसिएको थियो। धेरै कुरा पाएको थियो उसले तर जे गुमेको थियो, त्यो अझैभित्र गहिरो चोट बनेर बसेको थियो।

त्यो दिन नियतिले खेल खेलेको जस्तो लाग्यो।

एक दिन अनुषा काम विशेषले पोखरा जान टिकट काट्न बसपार्क पुगिन्। टिकट काट्दै गर्दा अनुषाको नजर केही पर गयो। उही उचाइ, उही ढंग, उही आँखा– हेमन्त।

मनले एकछिन धड्कन बिर्सियो। 'हो कि होइन?' उसले आफैँलाई सोधी।

त्यही बेला हेमन्तको नजर पनि उसैमा ठोक्कियो। तीन वर्षपछि, नजर फेरि भेटिएका थिए। तर त्यो मात्र संयोग थिएन, हेमन्त पनि काम विशेषले गर्दा पोखरा जान लागेका थिए। जब दुवै बस चढ्न लागे, टिकट हेर्दा अचम्म परे; एउटै सिट, दायाँ-बायाँ।

बसको झ्यालपट्टि अनुषा बसिन्। चिटिक्क सारी लगाएकी थिइन्, आँखामा हल्का गाजल, गालामा डिम्पलसहित हल्का हाँसो, त्यो मुस्कानले हेमन्तको मुटु फेरि पुरानै गतिमा धड्किन थाल्यो।

हेमन्त छेउमा बस्यो, उसले हल्का स्वरमा भन्यो' कस्तो संयोग, है?'

अनुषाले घामले झुल्किएको अनुहार मोड्दै भनिन्– 'संयोग मात्र कि नियति, बुझ्न सकिनँ।'

एकछिन मौनता छायो। बसले गति लिँदै थियो तर उनीहरूको मन चाहिँ अघिल्लो पानामा अड्किएको थियो।

'ती दिन सम्झन्छ्यौ?' हेमन्तको स्वर नरम भयो।

'बिर्सन खोजेकी थिएँ तर तिमीझैँ डिम्पल परेको अनुहार कतै देख्दा फेरि सम्झन्छु,' अनुषाले नजर झ्याल बाहिर फर्काइन्।

'तिमी बोल्थ्यौ भने म सुन्थेँ, म बोल्थेँ भने तिमी टाढा हुन्थ्यौ। हामी बुझ्न नसकेका थियौँ एकअर्कालाई।'

'शब्दहरू त थिए तर भावना दबिरहे, तिमी आफैँ एक दिन टाढा भइदियौ,' अनुषाको स्वर थोरै भाँचिएको थियो।

हेमन्तले चुपचाप उसको हात समात्ने प्रयास गऱ्यो, अनुषाले झसङ्ग भई हात झिकिन्।

'म तिमीलाई अझै पनि माया गर्छु,' हेमन्तले नरम स्वरमा भन्यो, त्यो तीन वर्षको मौनता भत्काउँदै!

अनुषाको आँखामा नमी झुल्कियो। उसले फेरि झ्यालतर्फ फर्किई तर यो पटक आँखाभित्र आँसु लुकेको थियो, रिस होइन।

बसको मोडसँगै उनीहरू पनि फेरि मोडिँदै थिए; पुरानो गल्ती सम्झँदै, भविष्यको सम्भावना खोज्दै।

बस पहाडी सडकमा बिस्तारै अघि बढ्दै थियो। झ्यालबाहिर हरियाली थियो, भित्र– दुवैको मुटुमा उही पुरानो हलचल। कहिले हावा चल्थ्यो, झ्यालको पर्दा हल्कासँग उड्थ्यो अनि उनीहरूको मौनतालाई झन् भारी बनाउँथ्यो।

अनुषा केही बोल्न खोज्थिन् तर शब्द घाँटीमै अड्किन्थे। उसले ती दिन सम्झिई– जब उसले सानो शंका साँचेर ठुलो दूरी बनाइन्।

'तिमी रिसाएको थियौ,' हेमन्तले फेरि नरम स्वरमा भन्यो।

अनुषाले नजर फेरिन् 'हो, रिसाएकी थिएँ... तर रिसभन्दा बढी चोट लागेको थियो। माया गर्ने मान्छे जब तिमीलाई बुझ्दैन, त्यो पीडा अरू जस्तो हुँदैन।'

'म बुझ्न चाहन्थेँ तर तिमी मौन भयौ। अनि म पनि मौन भएँ। शब्दले होइन, अहंकारले बोल्न थालेपछि प्रेम सकिँदो रहेछ।'

हेमन्तको आँखामा थोरै नमी झल्कियो। उसले आफूलाई सम्हाल्दै भन्यो– 'माफ गर मलाई अनुषा, मैले तिमीलाई गुमाउन चाहेको थिइनँ।'

अनुषाले गहिरो सास फेरिन्, मुटु अझै काँपिरहेको थियो- 'सायद म पनि दोषी थिएँ। तिमीलाई समयमै बुझ्न सकेकी भएँ, तिमी टाढा जानु पर्दैनथ्यो।'

मौनता फेरि केही छिन टिक्यो।

त्यस मौनतामा सारा माफी थियो, सारा पछुतो र सारा प्रेम।

त्यो मौनता अब चिच्याएको जस्तो लागेन, बरु शान्त थियो, न्यानो थियो।

अनुषाले हल्का स्वरमा भनिन्– 'हामी फेरि सुरु गर्न सक्छौँ?'

हेमन्तले गहिरो हाँसो दियो डिम्पलसहित, 'हामी त कहिल्यै समाप्त भएका थिएनौँ।'

त्यो हाँसो, त्यो आँखाको चमक, त्यो पुनर्मिलन, सबै चीजहरूले तीन वर्षको दूरी एकैक्षणमा छोटो बनाइदियो।

पोखराको बसपार्क नजिक पुग्दासम्म उनीहरूको संवाद खुलिसकेको थियो। मुटुमा तीन वर्षअघिको खालीपन थियो तर अब त्यो ठाउँ फेरि भरिँदै थियो; शब्दले, नजरले र मौन सहमतिले।

त्यस साँझ उनीहरू फेवातालको किनारमा बसे। चुपचाप– कसैले केही नबोले पनि सारा कुरा भइसकेको थियो।

'अनुषा,' हेमन्तले हल्का स्वरमा भन्यो, 'के थाहा थियो, तिमी फेरि मेरो जिन्दगीमा यत्तिकै चुपचाप आइपुग्ने छ्यौ भनेर?'

अनुषाले मुस्कुराउँदै भनिन्– 'सायद म पनि यस्तै कुनै मोडको पर्खाइमा थिएँ।'

त्यो मुस्कान, त्यो गालामा पर्ने डिम्पल, फेवातालको पानीमा झल्किएको थियो !

हेमन्तले उसको हात समात्यो अब डरबिना, संकोचबिना। अनुषाले पनि हात झिकिनन्, बरु अझ मजबुतले समाइन्।

'अब भने कुनै शंका, मौनता वा अहंकार बिचमा आउन दिने छैनौँ है?' हेमन्तले भने।

अनुषाले उसको आँखामा हेरेर थोरै भिजेका स्वरमा भनिन्– 'अब हामी बोल्नेछौँ, सुन्नेछौँ र अझ माया गर्नेछौँ।'

त्यो रात, उनीहरू धेरै हिँडे, हात समाएर। तीन वर्षको दूरी आज त्यो साँझको हरेक कदममा चुलिँदै थियो।

फूलझैँ ताजा सम्बन्ध, चिसो बतासझैँ मिठो स्पर्श र चन्द्रमाको उज्यालोमा प्रतिबिम्बित दुई चिह्नित छायाहरू सधैँ सँगै हिँड्न थाले, त्यसपछि भने दुई जना बिच कुनै पनि किसिमको मनमुटाव भएन। हाँसी खुली जीवन जिउन थाले।

'प्रेम कहिल्यै अन्त्य हुँदैन– त्यो केवल मौन भएर साथ रहिरहन्छ।'

## पत्रकार...

यो, सम्पादक नकुल काजीले छबिलाललाई कार्यालय बोलाएर दूधे क्षेत्रमा वितरक मात्र नभइ समाचारदाताको जिम्मेवारी दिए । यो उनको लागि सुनौलो अवसर थियो । तर वितरक पाएनन् तर उनले मन कार्की सरलाई अनुरोध गरेपछि उहाँले सहर्ष स्वीकार गर्नुभयो । उनले लेखेका समाचारहरू दूधे क्षेत्रमा मात्र नभइ माइधार क्षेत्रमा पनि पत्रिका पुर्याउने आवश्यकता भयो, अनि उनले दूधेको खुद्रा व्यापार संघका एक कलेक्टरलाई १० वटा पत्रिका दिएर सम्पूर्ण माइधार क्षेत्रलाई कभर गरे । यसरी उनले केवल समाचार संकलनमा मात्र नभइ पत्रिका वितरणमा समेत महत्वपूर्ण भूमिका खेले ।

छबिलालको पत्रकारिता यात्रा एउटै ठाउँमा सीमित रहेन । उनले झापाका लगभग सबै प्रमुख संचार माध्यमहरूमा काम गरे । विवेचना दैनिकबाट सुरू भएको उनको यात्राले पूर्वाञ्चल दैनिक, झापा पोस्ट, प्रतिदिन दैनिक, पिपुल्स टाइम्स, ब्लाष्ट जस्ता छापा माध्यमदेखि पाथीभरा एफएम, कञ्चनजंघा एफएम, सप्तरंगी एफएम जस्ता रेडियो स्टेशनहरूसम्म फैलियो ।

त्यस्तै तत्कालीन समयमा दूधे क्षेत्रबाट समाचारहरू विश्वव्यापी गर्नका लागि आफ्नै लगानीमा तयार गरिएको सतासी सेरोफेरो डट्कम (जुन यस क्षेत्रको पहिलो अनलाईन मिडिया) हुँदै साझामञ्च डट्कम लगायतका विभिन्न अनलाइन पोर्टलहरूमा समेत उनको योगदान छ ।

त्यस्तै, ६० को दशकसम्म माईपश्चिम र कमलपूर्वका ग्रामीण क्षेत्रहरूमा रहेका समाचारहरू पनि सहर केन्द्रित हुने समस्यालाई सम्बोधन गर्ने, स्थानीय क्षेत्रको प्रचार प्रसार गर्ने र स्थानीय पत्रकारहरूलाई एकै मञ्चमा ल्याउने उद्देश्यका साथ छविलाल दवाडी, अनिलदेव राई, खगेन्द्र लम्जेल लगायतका पत्रकारहरूको नेतृत्वमा "कमा पत्रकार सङ्गठन" गठन गरिएको थियो ।

स्थानीय सञ्चार क्षेत्रको विकास र पत्रकारिताको गुणस्तर वृद्धि गर्ने लक्ष्यका साथ यो पहल अगाडि बढाउने भनी यस भेगका पत्रकारहरूबीचको गहन छलफल र सल्लाहपछि उक्त नामलाई परिमार्जित गरी 'सताक्षी प्रेस क्लब' भनेर नामकरण गरिएको थियो । यो ऐतिहासिक कदमले स्थानीय पत्रकारिता क्षेत्रमा नयाँ ऊर्जा र दिशा प्रदान गर्न संस्थापक अध्यक्षको जिम्मेवारी उनै दवाडीले सम्हालेका थिए । यसरी शिवसताक्षी क्षेत्रका विभिन्न सञ्चार माध्यमहरूमा कार्यरत पत्रकारहरू पहिलो पटक एकै छाताभन्दा मुनि एकजुट गराउने कार्यमा उनको अर्को योगदान छ ।

यो विविधताले उनलाई पत्रकारिताका सबै आयामहरूको गहिरो अनुभव दियो । प्रिन्ट मिडियाको गम्भीरताबाट रेडियोको तत्कालता अनि अनलाइन पोर्टलसम्म, समसामयिक समाचारदेखि फिचर लेखनसम्म, उनले सबै क्षेत्रमा आफ्नो दक्षता प्रमाणित गरे । हाल उनी शिवसताक्षी प्रकाशनको लोकप्रिय साप्ताहिक सतासीमा सह-सम्पादकको जिम्मेवारी सम्हाल्दै सक्रिय छन् ।

नेपालको दशकव्यापी सशस्त्र द्वन्द्वकाल पत्रकारहरूका लागि अत्यन्त कठिन समय थियो । छबिलालको जीवनमा पनि एक यस्तो घटना घट्यो जसले उनको साहस र पत्रकारिता पेशाप्रतिको निष्ठालाई परिभाषित गर्छ ।

२०५८ साल जेठ १७ गतेको दिन अनेर इस्वियु क्रान्तिकारी विद्यार्थीहरूको एक समूह दूधे आएर श्री राष्ट्रिय रमणीय आदर्श माध्यमिक विद्यालयको अफिसमा आफ्नो क्यालेन्डर धम्कीपूर्ण तवरले झुण्ड्याएर गयो । प्रधानाध्यापक रूपनारायण पाण्डे थिए । धम्कीपूर्ण दवावले त्यस क्यालेन्डरलाई कसैले छुन समेत सकेनन् । क्रान्तिकारी विद्यार्थीहरूले त्यसदिन गरेको हर्कतको सम्पूर्ण जानकारीको चस्मदिद गवाह स्वयं छबिलाल थिए । केहि समयपछि एस. एल.सी. सुरु भयो, माओवादीको अधिक गतिविधि र सुरक्षाको कारण देखाउँदै सरकारले तत्कालीन सतासीधाम, शिवगञ्ज, पाँचगाछी र धरमपुर क्षेत्रको एस.एल.सी. केन्द्र दूधे माविलाई तोकेको थियो ।

एस.एल.सी. शुरू भयो । नेपाली सेनाको गतिविधि बढ्ने क्रममा दूधे माविमा नेपाली सेनाले त्यो क्यालेन्डर देख्यो । तिनीहरूले यसलाई माओवादी गतिविधिको प्रमाण ठाने । रूपनारायण पाण्डे सो समयमा सुरुङ्गामा एस.एल.सी. को केन्द्राध्यक्ष थिए । क्यालेन्डर देख्नेवितिकै पाण्डेलाई सुरुङ्गबाट झिकाई माओवादीको आरोपमा समातेर झिलझिलेमा थुन्यो ।

त्यो समयमा सुरक्षा बलहरूको दबाब यत्रो थियो कि पत्रकारहरूले सत्य लेख्न डराउने गर्थे । आर्मी र प्रहरीले पत्रकारलाई देख्दा पनि मन नपराउने अवस्था थियो । तर छबिलालले आफ्नो कर्तव्यलाई भुलेनन् । उनले त्यो विवादास्पद क्यालेन्डर रूपनारायण सरलाई थुनेको भोलिपल्ट नै निर्भिकतापूर्वक बिर्तामोड गएर विवेचना दैनिकमा सम्पूर्ण घटनाक्रमको विस्तृत रिपोर्ट तयार गरे ।

क्यालेण्डरमा यो समाचार तयार गर्न विवेचना दैनिकका साथीहरूले गरेको गुण कहिल्यै नभुल्ने बताउने उनले सत्य र तथ्य समाचार सम्प्रेषण गरे । उनको त्यो समाचारको बलमा रूपनारायण पाण्डे सर थानाबाट रिहा भए ।

यो घटना छबिलालको निर्भीकता, व्यावसायिक इमान्दारिता र मानवीय संवेदनाको त्रिवेणी संगमको प्रमाण हो । यसबाट के प्रमाणित हुन्छ भने छबिलालसङ्ग सत्यको पक्षमा उभिने साहस छ ।

जीवनका उतारचढावहरूमा छबिलालले यस्ता पीडाहरू झेले जुन कुनै पिताको, कुनै पतिको हृदयलाई चकनाचुर पार्न सक्छ । उनले आफ्नी प्राणप्रिय श्रीमती र मायालु छोरीलाई गुमाए । यो दुःख त्यस्तो थियो जसले कुनै पनि व्यक्तिलाई भित्रैदेखि तोडिदिन सक्छ, जसले कुनै पनि मानिसलाई निराशाको गहिरो खाडलमा फ्याँकिदिन सक्छ ।

श्रीमतीको मृत्युले उनको जीवनमा त्यस्तो शून्यता ल्यायो जुन कहिल्यै भरिन सक्दैन । छोरीको मृत्युले त उनको संसारलाई नै उल्टोपल्टो पारिदियो । आफ्ना सपनाहरू, आफ्ना खुशीहरू, आफ्ना हाँसोहरू सबै एकैचोटि रुवाबासीमा परिणत भए ।

यी दुई ठूला व्यक्तिगत क्षतिको बावजुद छविलालजीले आफ्नो सेवाभावना कम गरेनन् । उनले यी दुःखहरूलाई अरूको दुःख बुझ्ने र सहानुभूति देखाउने शक्तिमा परिणत गरे । उनका लागि व्यक्तिगत पीडा सामाजिक सेवाको प्रेरणा बन्यो ।

छविलाल दवाडीको व्यक्तित्वको सबैभन्दा आकर्षक पक्ष हो उनको अत्यन्त मृदु स्वभाव र मिलनसार प्रकृति । उनलाई चिन्ने सबैले उनको मधुर बोली र नम्र व्यवहारको प्रशंसा गर्छन् उनको बोलीमा एक प्राकृतिक माधुर्य छ, जसले मानिसहरूलाई तुरुन्तै आकर्षित गर्छ । छबिलालको बारेमा प्रसङ्ग जोड्दै उनका छिमेकी, शिक्षक, साहित्यकारसमेत रहनु भएका पदमप्रसाद दाहाल भन्नुहुन्छ : एकपटक यदु सर छविजी र म यदु सरकै घरको आँगनमा गफ चुटिरहेका थियौँ। हामी सबैको नाकमा चरु हवन गरेको मिठो बास्ना आयो। गाउँमा कतै पूजा रहेछ भन्ने हामीलाई लाग्यो । तर एक्कासी घरभित्रबाट ढोकामा धुवाँको मुस्लो निस्क्यो । हामी अत्तालियौँ। घरभित्र जाने आँट आएन। तर छविजी धुवाँको मुस्लोबाटै घरभित्र छिर्नुभो। एउटा भाँडोमा दूध तताउन बसाएको रहेछ । दुध डढेर भाँडो समेत डढिसकेको रहेछ । त्यो डढेको भाँडो लिएर छविजी बाहिर निस्कनुभयो र भन्नुभयो अब विपत्ति टर्यो । उहाँले फेरि भन्नुभयो : "दाहालहरू यस्ता बेहोसी हुन्छन् भन्ने मलाई लागेको थिएन ।" त्यसपछि हामी मज्जाले हाँस्यौँ । त्यस दिनको घटना अहिले पनि सम्झनामा आइरहन्छ । यस घटनाले दवाडीमा साहस, समस्या समाधान क्षमता, हास्यप्रवृत्ति, र सामाजिक नजिकपन जस्ता सकारात्मक व्यवहार भएको देखिन्छ ।

उनको मिलनसारताले सबै उमेरका मानिसहरूलाई प्रभावित पारेको छ । बालबालिकादेखि लिएर वृद्धवृद्धासम्म सबैसँग उनले समान स्नेह र सम्मान देखाउने दवाडीको लागि कुनै पनि मानिस सानो वा ठूलो छैन, सबै बराबर छन् । उनको यो मृदु स्वभाव केवल बाहिरी देखावट मात्र छैन, ताकि उनको हृदयको गहिराइबाट आउने स्वाभाविक गुण हो ।

आफ्नो पत्रकारीय जीवनमा छविलालजीले सधैं उच्च नैतिक मापदण्डहरूको पालना गरेका छन् । उनी भन्छन : पत्रकारिता केवल एक व्यवसाय मात्र नभएर सामाजिक दायित्व हो, कहिल्यै पनि सत्यतालाई तिलाञ्जली दिएर कुनै व्यक्तिगत स्वार्थ वा लाभको पछि लाग्नुहुँदैन ।

उनका लेखहरूमा तथ्यपरकता र निष्पक्षता सधैं कायम रहन्छ । कुनै पनि समाचार वा घटनालाई बढाइचढाइ गरेर प्रस्तुत गर्ने वा सनसनी फैलाउने काम हालसम्म उनले गरेका छैनन् । उनको पत्रकारीय दर्शन थियो कि पत्रकारको काम सत्य भन्नु हो, त्यो सत्य जतिसुकै तितो किन नहोस् ।

पत्रकारितामा राजनीतिक दलहरूको दबाब "छु मन्तर" मान्ने उनको कलम सधैं न्यायको पक्षमा उभिएको छ । भ्रष्टाचार, अन्याय र सामाजिक विकृतिहरूका विरुद्ध लेख्दा उनी कहिल्यै डराएनन ।

छविलालजीको घरमा चार पुस्ताका सदस्यहरू एकसाथ हालसम्म एकसाथ बस्छन्, जुन नेपाली संस्कृतिको एक सुन्दर उदाहरण हो । जसमा ९४ वर्षीय बुबा, आफू, छोराबुहारी र नातिहरूको संयुक्त परिवारका मुखियाको रूपमा उनले सबैलाई एकताको डोरीमा बाँधेर राखेका छन् । घरमा चार पुस्ताको उपस्थिति भनेको विभिन्न उमेर, विचारधारा र आवश्यकताका मानिसहरूको उपस्थिति हो, तर उनले यो चुनौतीलाई अवसरमा परिणत गरेका छन् ।

उनले घरका सबै सदस्यहरूलाई समान माया, सम्मान अनि नातिहरूसँग उनको विशेष स्नेह छ । उनीहरूका लागि उनी केवल हजुरबुवा मात्र नभएर एक मित्र र गुरुको भूमिका खेल्छन् । पारिवारिक निर्णयहरूमा उनले सधैं सबैको मत सुन्ने र सहमतिको आधारमा निष्कर्षमा पुग्ने गर्नाले उनको यो लोकतान्त्रिक शैलीले परिवारमा एकता र समरसता कायम राखेको छ । घरमा कहिल्यै झगडाझन्झट हुने गर्दैन किनकि

❖ बाँकी अन्तिम पृष्ठमा

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

# वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष:** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष:** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन:** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट:** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह:** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या:** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला:** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक:** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु:** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर:** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ:** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मीन:** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ ।